स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही साउन १८ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मोदीबेनी'का प्रमुख कलाकार वर्षा सिवाकोटी प्रचारका लागि कुनै प्रयास छाडेका छैनन्। केही दिनअघि ऐतिहासिक 'पशुपति कोटिहोम महायज्ञ'मा सहभागी भएर फिल्म सफलताको आशीर्वाद मागेका थिए। शनिबार भने बागमती नदीमा ऱ्याफ्टिङ गर्दै फिल्मको प्रचार गऱ्यो ।

आजको विचार...



पत्रपत्रिका...

*(दुई पेजमा)*

पुष्कर अथक रेग्मी

'घरज्वाइँ' गत असार २८ गतेबाट सार्वजनिक प्रदर्शनमा आएको फिल्म हो। अहिले तेस्रो साताम प्रदर्शनरत फिल्मले दुई सातामा ४ करोड ६३ लाख ग्रसकलेक्सन गरेको छ। निर्माण युनिटले एक पोष्टरमा सार्वजनिक गर्दै फिल्मको दुई साताको बक्स अफिस कलेक्सन सार्वजनिक गरेको छ। रिलिजको दुई दिनमा १ करोड ५१ लख ग्रसकलेक्सन गरेको फिल्मले पछिल्लो १२ दिनमा ३ करोड १२ लाख ग्रस कलेक्सन गरेको भएको थियो। अनिल बुढा मगरको निर्देशन रहेको फिल्ममा मुख्य गरी दयाहाङ राई, मिरुना मगर अभिनय छ।



❒ वर्ष ३० ❒ अंक १५ ❒ २०८१ साउन १५ गते मंगलबार 30 July 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# खिर खाएर साउन पन्ध्र मनाइँदै

## गाई-भैंसी पाल्न छोड्दा खिरको मौलिक स्वाद हराउँदै

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन १५/आज साउने पन्ध्र पर्व मनाइँदै छ । साउन १५ मा रोपाइँ सकेर खिर खाने चलन छ । किसानहरुले साउन १५ लाई विशेष खिर खाने दिनका रुपमा मनाउने गरेका छन् । पहिले ग्रामीण क्षेत्रमा बढी मनाइने खिर खाने चलन पछिल्लो समय सहरी क्षेत्रमा पनि मनाउने प्रचलन बढ्दो छ ।

धान रोपाइँ सकेको खुसीयाली स्वरूप कृषकहरूले वर्षौंदेखि खिर खाने पर्व मनाउँदै आएका छन् । नेपाली समाजमा असार १५ मा दही चिउरा र साउन १५ मा खिर खाने चलन छ । परापूर्वककालदेखि नै पुर्खाहरूले मौसम अनुसार श्रम र मानव स्वास्थ्यलाई सन्तुलनमा राख्न यस प्रकारको भोजनलाई चलनचल्तीमा ल्याएको पाइन्छ । बहुसंख्यक नेपाली कृषि पेसामा आश्रित भएकोले खिर खाने परम्परा विकास भएको संस्कृतिविद्हरु बताउँछन् । साउने झरी पर्ने बेलामा



तातो खिरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खिर खाने गरिएको पाइन्छ । दूधमा मरमसलालगायत चिजबिज हालेर बनाइने खिरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ । असारे चटारो पछिको फुर्सदका साथै वर्षाको झरीमा भिजेको शरीरलाई निरोगी बनाउन तथा उर्जामय राख्न खिर खाने गरिन्छ ।

धान रोपेर काम सकेपछि खुसीयाली स्वरूप साउन पन्ध्रमा खिर खाने चलन रहेको पाल्पा बगनासकालीकी संगीता न्यौपानेले बताईन् । उनी भन्छिन् 'साउन महिनामा गाउँ-घरमा खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । राम्रा र धेरै घाँस पाइने बेलामा गाई, भैंसीले पनि धेरै दूध दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई घरमा बोलाएर खिर खाने चलन चलेको हो ।' साउन १५ मा खिर खाने चलन पुरानै रहेको माथागढी देउगीरका सुरेन्द्र रायमाझी बताउँछन् । असारभरी पानी र हिलोमा खेल्दा सर्दी लाग्ने र तातो र पोषिलो खिर खाँदा सर्दिबाट जोगीने विश्वास रहेको उनको भनाई छ ।

**हराउँदै खिरमा मौलिक स्वाद**

पछिल्लो समय गाउँघरमा गाई, भैंसी पाल्ने चलन कम हुँदै गएपछि पोषिलो खिरको मौलिक स्वाद भने हराउँदै गएको छ । विगतका समय प्रत्येक घरमा गाई भैंसी पालेर दूध, दही, मोही, नौनी खाने चलन अहिले हराउँदै गएको हो । कुनै बेला पाल्पा र गुल्मीका गाउँघरमा गाई भैंसीपालन गर्ने किसानले अहिले पाल्न छाडेका छन् । केही वर्षअघिसम्म प्रत्येक किसानका घरमा कम्तीमा पनि दुई देखि तीन वटा भैंसी/गाई हुन्थे तर अहिले आएर तिनै गाउँमा गाई/भैंसी पाइन छोडेका छन् । भैंसी दूध, दही, मही र मल उत्पादनका लागि राम्रो मानिए पनि पछिल्लो समयमा किसानले गाई/भैंसी पाल्न छाडेका छन् । काम गर्न सक्ने छोरा, बुहारी विदेश र सहर पसेपछि घरमा रहेका बूढाबुढीले काम गर्न नसक्दा गाउँमा गाई, भैंसी पालन हराउँदै गएको हो ।

गाई- भैंसी पाल्नै छोडेपछि बजारमा पाइने दूधबाट बनाइने खिरको मौलिक स्वाद भने नहुने बूढापाका बताउँछन् । हरेक वर्ष साउन १५ मा खिर खाने चलन छ तर पछिल्लो समय गाउँघरमा गाई, भैंसी पाल्ने चलन कम हुँदै गएपछि पोषिलो खिरको मौलिक स्वाद हराउँदै गएको हो । वर्षको एकदिनमात्र परम्परा धान्ने र अरुलाई देखाउनकै लागि भए पनि डेरीको दूधमा खिर बनाएर खाने चलन अहिले बढेको छ । डेरीको दूधबाट बनाइएको खिरको मौलिक स्वाद नै छैन । पहिले जस्तो खिरमा मौलिक स्वाद नभएको पुराना पुस्ताहरुको गुनासो छ । 'पहिले-पहिले घरमै भएको दूधबाट बनाइएको खिरको स्वाद नै बेग्लै हुन्थ्यो, अहिले भने डेरीबाट किनेर ल्याएको दूधको खिर खासै स्वादिष्ट हुँदैन', गुल्मी इस्माकी कमला मल्लको भनाई छ । आधुनिक जीवनशैलीका नाममा खाद्य संस्कृतिमा समेत व्यापक फेरबदल आएको छ । विविधतापूर्ण, सन्तुलित र पोषणयुक्त खाना खानेभन्दा पनि तत्कालको स्वादको बखान र बहकाउमा बजारबाट किनेका, प्लास्टिक पोकामा राखेका तथाकथित मीठो-मसिनो खाएर सभ्य हुने लहड चलेको छ । किनेर पत्रु खाना नखाए असभ्य र पाखेमा दरिने त्रास सबैतिर व्याप्त छ । यो फेरबदलले खानेकुराबारे हाम्रो परम्परागत सकारात्मक सोच र ज्ञानसँगै पोषणयुक्त स्थानीय रैथाने खानेकुरासमेत ओझेलमा परेका छन् । हाम्रा भान्सामा विषाक्त र पत्रु खानको बिगबिगी छ । आफ्नो मौलिक संस्कृति उन्नत बनाउने कुरा बिर्सेर अरूको देखासिकीको पछि लाग्दा हाम्रो कृषि तथा खाद्य प्रणाली अस्तव्यस्त बन्दै ध्वस्त हुँदै छ ।

### संक्षिप्त समाचार

## सवारी दुर्घटनामा तीनको मृत्यु

**पाल्पा,** साउन १४/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार धनकुटा, कञ्चनपुर, मोरङमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

धनकुटा नगरपालिका-३ निगालेस्थित सडकमा पिकअप र मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकलमा सवार मोरङ सुन्दरहरैचा नगरपालिका-२ बस्ने ३२ वर्षीय सुमन सुवेदीको मृत्यु भएको छ । उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै कञ्चनपुरको कृष्णपुर नगरपालिका-५ चीनी मिलस्थित सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-६ सिंहपुर बस्ने ५६ वर्षीय हेमराज चौधरीको मृत्यु भएको छ । यस्तै मोरङ, उर्लाबारी नगरपालिका-९ खोपिडाँडास्थित सडकमा बोर्डर लाईनबाट आमबाडीतर्फ आउँदै गरेको मे.९ प ५५७५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार झापा दमक नगरपालिका-१० बस्ने २२ वर्षीय धनराज रिजालको मृत्यु भएको छ ।

राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# आज मानव बेचबिखनविरुद्धको दिवस, अझै रोकिएन मानव बेचबिखन

**पाल्पा,** साउन १४/अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी आज मनाइँदैछ । मानव बेचबिखन उन्मूलन गर्न सचेतना जगाउने र त्यसका लागि विश्वव्यापी प्रतिबद्धतालाई सुदृढ गर्न यो दिवस मनाउने गरिएको हो ।

हरेक वर्षको ३० जुलाईको दिन संयुक्त राष्ट्र संघले मानव बेचबिखनसम्बन्धी जनमानसमा सचेतना फैलाउन यो दिवस मनाउँदै आएको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने उद्देश्यका साथ २०६३ सालदेखि नेपालले पनि सो दिवस मनाउन थालेको हो । मानव बेचबिखन तथा ओसारपसार ऐन २०६४ र नियमावली २०६४ बनेको छ । तर, उक्त ऐन तथा नियमावलीको उचित कार्यान्वयन नुहँदा महिला



बेचबिखन विरुद्धको काम पूर्ण रुपमा सफल हुन सकेको छैन् । महिला बेचबिखन हुन नदिन तथा बेचबिखनमा परेको चेलीलाई उद्दार गर्न सरकारले पुन:स्थापना केन्द्रहरु समेत स्थापना गरेको छ । नेपालबाट बर्षेनी हजारौ युवायुवती रोजगार तथा अन्य बहानामा खाडी तथा भारतीय भूमिमा बेचबिखनमा पर्दै आएका छन् । मानवको बेचबिखन तथा ओसारपसार बालश्रम, बाल दासत्व, धर्मपुत्र धर्मपुत्री, बालविवाह, बधुवा श्रम तथा दासत्व, मानव अङ्ग प्रत्यारोपण, यौन दासत्व, व्यावसायिक यौन शोषण, गैरकानुनी आप्रवासन आदि कार्यका लागि भइरहेको देखिन्छ ।

संयुक्त राष्ट्रसंघका अनुसार विश्वव्यापी सङ्कट, द्वन्द्व र जलवायु आपत्कालले मानव बेचबिखनको जोखिम बढिरहेको छ । विस्थापन र सामाजिक आर्थिक असमानताले असर परेका लाखौँ मानिस मानव बेचबिखनका तस्करको चपेटामा परेका छन् । यस्तै गरिबी, बेरोजगारी, शिक्षा र स्वास्थ्यमा पहुँच नभएका, भेदभाव, हिंसा, दुर्व्यवहारमा परेका व्यक्ति एवं सीमान्तकृत समुदाय मानव तस्करको नजरमा पर्ने गरेका छन् । **बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## मौद्रिक नीतिको कार्यान्वयन होस्

नेपाल राष्ट्र बैंकले गत शुक्रबार चालु आर्थिक वर्ष २०८१/०८२ का लागि मौद्रिक नीति ल्याएको छ । सार्वजनिक गरिएको मौद्रिक नीतिले नीतिगत दरमा सामान्य लचकता अपनाएको छ । खास गरी मौद्रिक नीतिको मूल उद्देश्य बजेटले लिएको लक्ष्य तथा उद्देश्यलाई सघाउ पुऱ्याउँदै त्यसमा समाविष्ट कार्यक्रमहरूलाई सहजीकरण गर्नु हो । यस वर्षको मौद्रिक नीतिले आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुऱ्याउने र आर्थिक स्थायित्व कायम राख्ने अपेक्षा गरिएको छ । आर्थिक वृद्धि तथा रोजगारी सिर्जनामा पनि सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

यसले निजी क्षेत्र खासगरी बजारमा अब केही सुधार हुने आशाको सञ्चार गरेको छ । निराशा बढिरहेको अवस्थामा रोजगारी र आम्दानी बढ्छ कि बढ्दैन भन्न अहिले गाह्रो छ । तर, नीतिमा उल्लेख गरिएका प्रायः बुँदा अक्षरशः कार्यान्वयन हुने हो भने पक्कै अहिलेको अवस्थामा राम्रै हुन्छ । अर्थतन्त्र जर्जर छ । नागरिक बेरोजगारीको जाँतोमा पिल्सिएका छन् । व्यवसायी मन्दीले रापिएका छन् । उद्यमधन्दा चिसिएका छन् । घरजग्गा कारोबार ठप्प जस्तै छ । बैंकमा पैसा थुप्रिए पनि ऋण लिनेको अभाव भयो । त्यसको प्रत्यक्ष असर बजारमा पर्नु स्वाभाविक थियो । नीतिले बैंकमा थुप्रिएको पैसा बजार पठाउने आशा गर्न सकिन्छ । अब शिथिल अर्थतन्त्र उकास्न यो मौद्रिक नीति पूर्ण कार्यान्वयन हुन आवश्यक छ । मौद्रिक नीतिले आपूर्ति पक्षमा मात्र सुधार गर्ने हो । माग पक्षमा सुधार गर्ने काम वित्त नीतिले हो । सरकारले खर्च बढाएर रोजगारी सिर्जना गर्ने, निजी क्षेत्रलाई लगानी बढाउन प्रोत्साहन नगरेसम्म बजार माग बढ्नेवाला छैन । माग नबढेसम्म ब्याजदर कम र बैंकमा जति पैसा भए पनि कर्जा प्रवाह हुन सक्दैन । संक्रमणकालीन अर्थतन्त्रको यो मर्म बुझेर खुकुलो नीतिमार्फत राष्ट्र बैंकले गरेका नीतिगत व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्दै अर्थतन्त्रलाई चलायमान बनाउने जिम्मा सरकार र राष्ट्र बैंक दुवैले लिनुपर्छ । तसर्थ त्यसका लागि मौद्रिक नीतिको पूर्ण रूपमा कार्यान्वयन हुन जरुरी छ ।

### Opinion @ Social Network

'कोहि जादैमा जिन्दगी सकिने हैन
एक तारा टुटेर झर्दैमा पुरै आकाश पनि खाली हुदैन ।'
*(सम्राट भट्टराईकोफेसबुक स्टाटसबाट www.facebook.com//samrat.B123)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पत्रपत्रिका र छापाखानाको इतिहास



**पुष्कर अथक रेग्मी**

छैटौ शताब्दीमा चिनबाट निस्किएको "त्सिंगपाओ" मासिक पत्रि नै विश्वको पहिलो प्रकाशित पत्रिका हो । समयको क्रमसंगै तुंग राजाहरूको शासनकालमा सन् ६१८ देखि ९०५ सम्म "पेकिङ गजेट" प्रकाशित भयो । पेकिङ गजेट र जुलियस सिजरको "एकटा डिउर्ना" लाई पत्रपत्रिकाको इतिहासमा अग्रपंक्तिमा स-सम्मान राखिन्छ ।

दशौं देखि चौधौं शताब्दीसम्मको पत्रपत्रिकाको इतिहास खोजी हुन जरूरी छ । पन्रौं शताब्दीमा आइपुग्दा जर्मनीहरूले पाण्डुलिपि पत्रिकाको शुरूवात गरे । सन् १९५६ मा भेनिसमा "नोटिजी स्कुते" नामक पत्रिकाको प्रकाशन प्रारम्भ राज्य पक्षद्वारा नै भयो ।


आधुनिक स्वरूपको समाचार पत्र नेदरल्यान्डबाट सन् १५२६ देखि प्रकाशन भएको "न्युजाइटुङ" पत्रिकालाई पत्रकारिताका इतिहासकारहरूले मान्दै आएका छन् । बेलायतमा सन् १४७०-१४८० को दशकमै छापाखानाको विकास भएको थियो । यद्यपि बेलायतबाट आधुनिक स्वरूपको पत्रिका भने सन् १६२२ मा प्रकाशित भयो । यसको नाम "विकली न्युज" थियो । बेलायतबाटै सन् १७०२ देखि दैनिक पत्रिकाको रूपमा "द लण्डन डेली करेण्ट" प्रकाशित भयो । त्यतिबेला पत्रकारहरूलाई सरकारका कार्यहरू छाप्ने अधिकार थिएन । सन् १७६३ मा पत्रकार जाँन बिकलिजद्वारा छेडिएको अभियानपछि पत्रकारहरूले "पार्लियामेन्ट प्रेस ग्यालरी" मार्फत सरकार र राज्यका गतिविधिहरू समेत छाप्न पाए । यही क्रममा बेलायतमा सन् १८२१ देखि प्रख्यात पत्रिका "म्यानचेष्टर गार्जियन" को स्थापना भयो ।

अमेरिकामा शुरूमा हस्तलिखित पत्रपत्रिका नै प्रकाशित थिए । पेशेवर लेखकहरूद्वारा नै हस्तलिखित पत्रिका प्रकाशित हुन्थ्यो । अमेरिकामा सन् १६९० मा "पब्लिक आकरेन्सेस" को प्रकाशन भयो । यसपछि सन् १७९३ मा "मिनर्वा" दैनिक प्रकाशित भयो । मिनर्वाका सम्पादक हृनोवष्टर नै यहाँको पत्रकारीताको पहिलो सम्पादक भए ।

फ्रान्समा सन् १६३१ , रूसमा सन् १७०२ र टर्कीमा सन् १७९५ देखि पत्रिका प्रकाशनले निरन्तरता पाएको देखिन्छ । छिमेकी राष्ट्र भारतमा १९ जनवरी १७८० देखि "बंगाल गजेट" प्रकाशन भयो । यो अंग्रेजी भाषामा थियो । सन् १८२६ देखि हिन्दी भाषामा पहिलो पत्रिका "सम्वाद कौमुदी" प्रकाशित भयो । नेपालमा प्रधानमन्त्री जंगबहादुर राणाको पालामा वि.सं १९०८ मा एउटा हाते प्रेस नेपाल ल्याइयो । यही क्रममा नेपालको जेठो जिवित पत्रिका हुने सौभाग्य वि.सं १९५८ साल जेष्ठ ३ गते मंगलबारदेखि प्रकाशन प्रारम्भ भएको "गोरखापत्र" ले पायो ।

छापाखानाको इतिहासको कुरा गर्दा पनैं शताब्दीमा जान गुटेनवर्गले सर्वप्रथम छाप्ने मेसिनको आविस्कार गरे । यस मेसिनमा टाइपमाथि कागज राखी थिची छापिन्थ्यो । यसको करीब २५० बर्षपछि बेन्जामिन फ्रेकलिनले फेरि नयाँ किसिमको छाप्ने मेसिन बनाए । यी सबै काठका मेसिन थिए । सन् १७९८ सालमा फलामको पहिलो प्रेस मेसिन बन्यो । यो मेसिन पेचको उपयोगद्वारा चल्दथ्यो । सन् १८२७ मा लीवरयुक्त मेसिन बन्यो । पछि सन् १८३४ मा बाफद्वारा चल्ने मेसिन बन्यो । यो एडम प्रेसको नामले संसार प्रसिद्ध भयो । समयको क्रमसंगै बेलायतमा पहिलोपल्ट सिलिण्डर प्रेस बन्यो । सन् १८७५ मा छाप्ने र पट्याउने मेसिनयुक्त प्रेस बन्यो र सन् १८८१ मा पहिलोपटक त्रिकोण फार्मर प्रेस मेसिन बन्यो ।





*नेपालमा ल्याइएको गिद्धे प्रेसको नमुना*

> *प्रधानमन्त्री जंगबहदुर राणा बेलायत भ्रमणबाट फर्किए लगत्तै साथमा ल्याएको छाप्ने मेसिनलाई 'गिद्दे प्रेस' को नाम दिईएको हो । गिद्धको जस्तो आकृति देखिएकाले मेसिनको नाम गिद्दे प्रेस राखिएको हो । शुरूमा थापाथलीमा राखिएको यस मेसिनले हुलाक टिकट , खाम र हवाई पत्रहरू छाप्ने काम गर्यो । बोलिचालीमा गिद्दे प्रेस भने तापनि यसको नाम 'टाइप छापाखाना' रहेको थियो ।*

नेपालमा छापाखानाको स्थापना वि.सं १९०८ देखि भएको हो । प्रधानमन्त्री जंगबहदुर राणा बेलायत भ्रमणबाट फर्किए लगत्तै साथमा ल्याएको छाप्ने मेसिनलाई 'गिद्दे प्रेस' को नाम दिईएको हो । गिद्धको जस्तो आकृति देखिएकाले मेसिनको नाम गिद्दे प्रेस राखिएको हो । शुरूमा थापाथलीमा राखिएको यस मेसिनले हुलाक टिकट , खाम र हवाई पत्रहरू छाप्ने काम गर्यो । बोलिचालीमा गिद्दे प्रेस भने तापनि यसको नाम 'टाइप छापाखाना' रहेको थियो । प्रधानमन्त्री जंगबहादुरकै पालामा नेपालमा फेरि अर्को छाप्ने मेसिन ल्याइयो । जसलाई 'मनोरञ्जन छापाखाना' भनियो । यसले वि.सं १९१८/१९ सालदेखि नै पुस्तकहरू छाप्न शुरू गऱ्यो । काठमाडौं ठहिंटीमा रहेको यस प्रेसले सबैभन्दा पहिले ऐनको किताब छाप्यो । वि.सं १९३० पछि नेपालमा फेरि अर्को प्रेस ल्याइयो जसलाई 'छापाखाना' मात्र भनियो । पछि जंगी लिथोग्राफी छापाखाना समेत स्थापना भयो । वि.सं. १९६३ मा आइपुग्दा दुईवटा हाते छापाखाना पनि नेपालमा ल्याइयो । नेपालमै छाप्ने मेसिन प्रेसको आविष्कार वि.सं १४४९ मा भएको थियो । काठमाडौं पोखल्ड्याङ निवासी कुवेररत्न बज्राचार्यले नेपालमै फलामे हातको मेसिन आविष्कार गरेका थिए । यसको नाम 'बुद्ध प्रेस' थियो । यस प्रेसबाट संस्कृत ,बुद्ध र हिन्दु धर्म ग्रन्थसँग सम्बन्धित पुस्तकहरू छापिए । पछि यो अन्नपूर्ण प्रेसको रूपमा रह्यो ।

वि.सं १९७२ सम्म आईपुग्दा क्रमशः ढोकाटोल,नारायण ,भगवती र सरस्वती प्रेसहरू स्थापना भए । वि.स. १९६९ सालमा बिजुलीबाट चल्ने छापाखाना नक्सालमा स्थापना भयो । यस प्रेसबाट गोरखापत्र छाप्न सजिलो भयो । बिजुली छापाखाना नेपालको पहिलो इलेक्ट्रोनिक छापाखानाको रूपमा रह्यो ।

***स्रोत : देवकोटा ,ग्रीष्मबहादुर (२०५९) नेपालको छापाखाना र पत्रकारिताको इतिहास ,काठमाडौं : साझा प्रकाशन ।***

***( लेखक पाल्पा साहित्य समाजका अध्यक्ष र पाल्पाका स्थापित साहित्यकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कमजोर भएको अनुभूति हुनेछ । रिस नियन्त्रण गरे राम्रो प्रतिफल पाइन्छ।

**वृष** : रोकिएका काम पुन: सुरु हुन सक्छन् । कारोबारबाट फाइदा हुनेछ ।

**मिथुन** : हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख मिल्नेछ ।

**कर्कट** : व्यवसायका क्षेत्रमा प्रगति हुनेछ । कान्ति र शान्ति छाउनेछ ।

**सिंह** : विचार पुऱ्याएर निर्णय लिनु राम्रो होला । दोधारको अवस्था सिर्जना हुनसक्छ ।

**कन्या** : समारोहमा सरिक हुने सम्भावना छ । प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।

**तुला** : रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । यात्राको सम्भावना छ ।

**वृश्चिक** : चिताएको कामले तीव्रता लिनेछ। नोकरीबाट मानसम्मान मिल्नेछ।

**धनु** : दाम, इनाम र प्रतिष्ठाकमाउने बेलाछ । स्वादिष्ट भोजन पाइनेछ ।

**मकर** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । कार्यको योजना बन्नेछ ।

**कुम्भ** : अवसर आउनाले मन प्रसन्न रहनेछ । मानसम्मान पनि पाइनेछ ।

**मीन** : जटिल काम सम्पादन हुन सक्छ । प्रतिस्पर्धामा विजयी भइनेछ ।

# विज्ञान/सूचना प्रविधि

## टेलिग्राम प्रयोगकर्ताहरू सावधान !

ईसेटमा साइबरसुरक्षा अनुसन्धानकर्ताहरूले एन्ड्रोइड फोनहरूको लागि टेलिग्राम एपमा गम्भीर समस्या पत्ता लगाएका छन् । उनीहरूले एन्ड्रोइडमा टेलिग्रामलाई लक्षित गर्ने 'जीरो-डे एक्सप्लोइट' पत्ता लगाएका छन् । यस समस्याका कारण ह्याकरहरूले टेलिग्राम च्याट मार्फत नियमित भिडियोहरू जस्तै देखिने हानिकारक फाइलहरू पठाउन सक्छन्। जसका कारण तपाईको फोन पनि ह्याक हुन सक्छ । यी हानिकारक फाइलहरूमा मालवेयर वा ट्रोजन हुन सक्छ । जुन २०२४ मा, यो एक्सप्लोइट गोप्य अनलाइन फोरममा बेचेको पाइयो ।



**यो कसरी काम गर्दछ :** यो एक्सप्लोइट EvilVideo नामको दोष दुरुपयोग गर्न प्रयोग गरिएको छ । ह्याकरहरूले खतरनाक फाइलहरू पठाउनको लागि इभिलभिडियो नामको यो त्रुटि प्रयोग गर्छन् । यी ३० सेकेन्डका भिडियोहरू नियमित भिडियोहरू जस्तै देखिन्छन् । यी फाइलहरू टेलिग्राम च्यानलहरू, समूह वा निजी च्याटहरूमा पठाइन्छ । सामान्यतया जब कसैले टेलिग्राममा भिडियो प्राप्त गर्दछ, यो स्वचालित रूपमा डाउनलोड हुन्छ । अर्थात्, यदि यो सेटिङ प्रयोगकर्ताको एन्ड्रोइड फोनमा छ भने, च्याट खोल्ने बित्तिकै खतरनाक फाइलहरू डाउनलोड हुन्छन् । ईसेट अनुसन्धानकर्ता लुकास स्टेफान्को र उनको टोलीले गोप्य अनलाइन फोरमको अनुसन्धान गर्दा यो त्रुटि पत्ता लगाए । तिनीहरूले याद गरे कि एक विक्रेताले सार्वजनिक टेलिग्राम च्यानलमा चित्र र भिडियोहरू देखाउँदै यो त्रुटि कसरी काम गर्दछ भनेर सिकाइरहेका थिए । त्यसपछि ईसेटले यो च्यानल पत्ता लगायो र परीक्षणको लागि हानिकारक फाइल कब्जा गर्‍यो । तिनीहरूको परीक्षणहरूले पत्ता लगायो कि यो त्रुटि टेलिग्रामको पुरानो संस्करणहरूमा काम गर्दछ, विशेष गरी संस्करण १०.१४.५ अघिका । यस्तो देखिन्छ कि ह्याकरहरूले टेलिग्राम एपीआई प्रयोग गरेको छ । यो एक उपकरण हो जुन विकासकर्ताहरूले टेलिग्राममा सामग्री सिर्जना गर्न र अपलोड गर्न प्रयोग गर्दछ, ताकि यी हानिकारक फाइलहरू नियमित एप फाइलहरूको सट्टा भिडियोहरू जस्तै देखिन्छन् । जब कसैले 'भिडियो' प्ले गर्ने प्रयास गर्छ, टेलिग्रामले भिडियो प्ले गर्न नसक्ने बताउँछ र अर्को एप प्रयोग गर्न सुझाव दिन्छ । यदि प्रयोगकर्ता सहमत हुन्छन् भने, उसलाई हानिकारक एप स्थापना गर्न झुक्याइन्छ । ईसेटले यो समस्या जुन २६, २०२४ मा पत्ता लगायो र तुरुन्तै टेलिग्रामलाई सूचित गर्‍यो । तर, सुरुमा कुनै प्रतिक्रिया आएको थिएन । ईसेटले जुलाई ४ मा फेरि आफ्नो जानकारी प्रदान गर्‍यो र यसपटक, टेलिग्रामले तुरुन्तै प्रतिक्रिया दियो र पुष्टि गर्‍यो कि तिनीहरूले यसलाई नियालिरहेका छन् । टेलिग्रामले जुलाई ११, २०२४ मा एपको नयाँ संस्करण १०.१४.५ जारी गरेर समस्या समाधान गर्‍यो । यो त्रुटिबाट बच्न, प्रयोगकर्ताहरूले टेलिग्राम एप अपडेट गर्नुपर्छ ।

*-रातोपाटी डटकम*

## बुध ग्रह हिराले भरिएको वैज्ञानिक निष्कर्ष !

हाम्रो सौर्यमण्डलमा सूर्यको सबैभन्दा नजिक रहेको बुध ग्रहमा ठुलो मात्रामा हिरा रहेको तथ्य वैज्ञानिकहरूले पत्ता लगाएका छन् । हालै गरिएको एक अध्ययनले बुध ग्रहको सतहको मुनि हिराको बाक्लो तह हुनसक्ने देखाएको छ । लाइभ साइन्सले प्रकाशित गरेको रिपोर्टमा यस विषयमा जानकारी दिइएको छ । चीनको बेइजिंगस्थित सेन्टर फर हाइ प्रेसर साइन्स एण्ड टेक्नोलोजी रिसर्चका वैज्ञानिक तथा शोधका सह लेखक यानहाओ लिनका अनुसार बुध ग्रहको अत्यधिक उच्च कार्वन सामग्रीले यो ग्रहको सतहमुनि केही खास रहेको रहस्य बताउँछ । उनका अनुसार बुध ग्रहमा एक चुम्बकीय क्षेत्र छ, यद्यपि यो पृथ्वीको तुलनामा निकै कमजोर छ । स्मरण रहोस् नासाको मेसेन्जर अन्तरिक्षयानले समेत आृनो अध्ययनका क्रममा बुध ग्रहको सतहमा असामान्य रुपले काला क्षेत्रहरु पत्ता लगाएको थियो । त्यसलाई ग्राफाइटको रुपमा पहिचान गरिएको थियो ।




नेचर कम्युनिकेसन्स पत्रिकामा प्रकाशित शोधमा बुध ग्रहको संरचना तथा असामान्य चुम्बकीय क्षेत्रका बारेमा प्रकाश पारिएको छ । वैज्ञानिकहरुका अनुसार ग्रहहरूको निर्माण सम्भवत: निकै तातो लाभाको महासागर चिसिएर बनेको हो । यही प्रकारले अन्य स्थलीय ग्रहहरूको विकास भयो । बुध ग्रह सिलिकेट र कार्बनले भरिएको हुनसक्ने अनुमान वैज्ञानिकहरुको छ । ग्रहको बाहिरी पत्र तथा मध्यमण्डलको रुपमा रहेको म्यान्टलको निर्माणचाहिं म्यागमा पदार्थ क्रिस्टलमा परिणत हुँदा बनेको हो । जबकि धातुहरू यसभित्र पहिले नै जमेर एक केन्द्रीय कोरको निर्माण भयो । यसअघि वैज्ञानिकहरूले मध्यमण्डलमा तापमान तथा चापका कारण कार्वन ग्राफाइटमा परिणत हुने तथ्य मान्दै आएका थिए । म्यान्टल अर्थात् मध्यमण्डल भन्दा हलुका भएका कारणले गर्दा यो सतहमा तैरिन्छ । यद्यपि सन् २०१९ मा भएको एक अध्ययनले चाहिं बुध ग्रहको म्यान्टल यसअघि अनुमान गरिएभन्दा ८० किलोमिटर गहिरो हुनसक्ने देखायो । जसका कारण मध्यमण्डल तथा केन्द्रमण्डलको सीमामा तापमान तथा चापमा निकै धेरै वृद्धि हुन्छ । परिणाम स्वरुप यस्तो स्थिति पैदा हुन्छ जहाँ कार्बन तत्व हिरामा क्रिस्टलीकृत हुन्छ । बेल्जियम तथा चीनका शोधकर्ताहरुको एक टिमले यही सम्भावनाको खोजी गर्नका लागि कार्बन, सिलिका र फलामको प्रयोग गरी रासायनिक मिश्रण तयार पारे । शोधकर्ताहरुले उक्त मिश्रणमा फरक-फरक घनत्वको आइरन सल्फाइड हालिदिए । त्यसपछि मल्टिपल एनभिल प्रेसको प्रयोग गरी रासायनिक मिश्रणलाई ७ गिगापास्कलको दबाब दिए । चापको यो मात्रा भनेको समुद्री सतहमा पृथ्वीको वायुमण्डलीय चापभन्दा ७० हजार गुणा धेरै हो । यो विषम परिस्थिति बुध ग्रहको भित्री भागमा पाइने अवस्थालाई दर्शाउँछ । शोधकर्ताहरुले बुध ग्रहको कोर र म्यान्टलको सीमा नजिक तापमान तथा चापको सटीक मापनका लागि कम्प्युटर मोडेलको प्रयोग गरेका थिए । उक्त कम्प्युटर सिम्यूलेसनले ग्रहको भित्रको स्थितिको जानकारी प्रदान गर्दछ । शोधका क्रममा रासायनिक मिश्रण केवल सल्फर मिसाउँदा अधिक तापमानमा जम्दछ । यस्तो स्थितिमा हिरा बन्ने सम्भावना अधिक हुन्छ । उक्त कम्प्युटर मोडलबाट शोधकर्ताहरुले के निष्कर्ष निकाले भने उक्त स्थितिमा बुधको आन्तरिक कोर जम्ने क्रममा हिरा बन्न सक्दछ । यद्यपि बुध ग्रहको भित्री भागमा हिरा भएपनि त्यसको उत्खनन भने सम्भव छैन । बुध ग्रहमा अत्यधिक उच्च तापमानका अलावा उक्त सम्भावित हिरा सतहभन्दा ४८५ किमी तल रहेको छ । जसलाई निकाल्न असम्भव छ ।

*-अनलाइन खबर डटकम*

## माइक्रोसफ्टले विश्वमा मच्याएको उथलपुथल

माइक्रोसफ्टको कम्प्युटर सफ्टवेयरको अपडेटमा भएको प्राविधिक त्रुटिले विश्वभर हंगामा मच्चाएको छ । लाखौं कम्प्युटरहरू अचानक बन्द भएका छन्, जसको असर हजारौं उडानहरू रद्द वा ढिलाइ भए भने बैंकिङ प्रणाली धराशायी भयो, स्वास्थ्य सेवा प्रभावित भयो, सञ्चार माध्यमको प्रसारण बन्द भयो, व्यापार जगत समस्यामा पर्यो । अमेरिकामा मात्रै ९११ सेवा अवरुद्ध भएका छन् । १७ घण्टाको समस्यापछि शुक्रबार राति करिब १० बजे माइक्रोसफ्टले समस्या समाधान भएको दाबी गरेको छ ।




विश्वको सबैभन्दा ठूलो सफ्टवेयर कम्पनी माइक्रोसफ्टको विन्डोज अपरेटिङ सिस्टम प्रयोग गर्ने कम्प्युटरमा यस्तो अवस्था आएको हो । समस्या मूलत: कम्प्युटरहरूमा देखा पर्‍यो जसले माइक्रोसफ्टको क्लाउड सेवा प्रयोग गरिरहेको थियो जसमा क्राउडस्ट्राइकको फायरवाल प्रणाली थियो । माइक्रोसफ्टले संसार भरका उद्यमहरूले नेटवर्कलाई ह्याकरहरू र बाहिरी हस्तक्षेपबाट जोगाउन साइबर सुरक्षा फर्म क्राउडस्ट्राइकको सफ्टवेयर प्रयोग गर्ने गरेको र अहिलेको समस्या क्राउडस्ट्राइकले यो सुरक्षा सफ्टवेयर अपडेट गरिरहेको थियो र अपडेटमा प्राविधिक गडबडीका कारण स्थिति उत्पन्न भएको बताएको छ । फ्लाइट अवेयरका अनुसार विश्वभर ३३, १३९ भन्दा बढी उडानहरू ढिलाइ भएका छन् भने करिब ३,७५० उडानहरू रद्द भएका छन् । डेल्टा एयरलाइन्सले अमेरिकामा सबैभन्दा धेरै ७८८ उडान रद्द गरेको थियो । जबकि एटलान्टा एयरपोर्टमा सबैभन्दा बढी १५५ उडानहरू रद्द गरिएका थिए । एयरपोर्टमा कम्प्युटरबाट हुने सबै काम हातले गरिएको थियो । उड्डयन कर्मचारीलाई चेक इन गर्न र बोर्डिङ पास जारी गर्न आधा घण्टाभन्दा बढी समय लागेको थियो । घटना सफ्टवेयरमा भारी निर्भरताले विश्व अर्थतन्त्रमा कस्तो प्रभाव पार्न सक्छ भन्ने उदाहरण हो । अमेरिका, युरोपलगायत दर्जनौं देशमा बैंकिङ र स्वास्थ्य सेवा पनि प्रभावित भएको छ । माइक्रोसफ्टसँगै गुगल र अमेजन सर्भर र क्लाउड सेवा प्रदान गर्ने ठूला कम्पनी हुन् । अधिकांश देश र कम्पनीहरू तिनीहरूमा निर्भर छन् ।

*-हाम्रा कुरा डटकम*

## नेपालमै पहिलोपटक असुसले ल्यायो एआई ल्यापटप

असुसले नेपालमै पहिलोपटक आर्टिफिसियल इन्टेलिजेन्स 'एआइ' ल्यापटप सार्वजनिक गरेको छ । माइक्रोसफ्ट र क्वालकमसँगको सहकार्यमा कम्पनीले १५.६ इञ्चको एआई पीसी सार्वजनिक गरेको हो । असुसका लागि नेपालको आधिकारिक वितरक नागमणी इन्टरनेसनलले असुस भिभोबुक विन्डोज ११ मा आधारित कोपाइलटसहितको भिभोबुक एस १५ सार्वजनिक गरेको हो । १५.६ इञ्चको यो ल्यापटपमा विभिन्न नयाँ एआई फिचर छन् भने कोपाइलटका लागि ल्यापटपको किबोर्डमै डेडिकेटेड बटन रहेको छ ।



**के छन् विशेषता ?**

ल्यापटमा रहेको स्न्यापड्र्यागन एक्स एलिट न्युरल प्रोसेसिङ युनिट'एनपीय' विश्वकै तीव्र एनपीयू रहेको कम्पनीको दाबी छ । यसले ४५ ट्रिलियन टास्क प्रतिसेकेन्ड गर्नसक्ने हुँदा एआईका लागि उत्कृष्ठ रहेको असुसले जनाएको छ । १४.७ मिलिमिटर पातलो र एक किलो ४२० ग्राम तौल रहेको ल्यापटपमा ७० वाटआवरको ब्याट्री १८ घण्टा टिक्ने बताइएको छ । ल्यापटपले ५.८ जीबीपीएस वाईफाई सात सपोर्ट गर्ने बताइएको छ । चार्जिङका लागि ९० वाटको एसी एड्याप्टर छ । ल्यापटपमा ३के १२० हर्जको लुमिना ओलेड डिस्प्ले रहेको छ, जसको स्क्रिनटूबडी रेसियो ८९ प्रतिशत छ । क्वालकमको स्न्यापड्र्यागन एक्स एलिट प्लेटर्फममा बनेको ल्यापटमा ओरियन सीपीयू, हेक्जागन एनपीयू र एन्ड्रेनो जीपीयू छ । १६ जीबी ऱ्याम र एक टेराबाइटसम्म स्टोरेज रहेको ल्यापटपमा एफएचडी आईआर एवं एआईसेन्स क्यामेरा छ । ल्यापटपमा दुईवटा यूएसबीफोर, दुईवटा यूएसबी ३.२ जेन १ टाइप-ए, एउटा एचडीएमआई २.१ टीएमडीएस, एउटा अडियो कम्बोज्याक र एउटा माइक्रोएसडी कार्ड रिडर पोर्ट रहेको छ । कोपाइलट कि समेत रहेको ल्यापटपमा आरजीबी किबोर्ड छ । स्मार्ट गेस्चर र साइलेन्ट चटप्याड रहेको ल्यापटपमा डल्बीएटम्स अडियो सिस्टम छ ।

**कति छ मूल्य ?**

असुस भिभोबुक एस १५ 'एस ५५०७'को १६ जीबी ऱ्याम र एक टेराबाइट स्टोरेज रहेको ल्यापटपको मूल्य नेपालमा दुई लाख ९ हजार ९०० रुपैयाँ रहेको छ । नागमणीले असुसका ल्यापटपमा दुई वर्षको ग्लोबल वारेन्टी दिने बताइएको छ । यस्तै, यी ल्यापटपमा पर्फक्ट ग्यारेन्टी सुविधामार्फत ग्राहकले पहिलोपटक टुटेफुटेकै ल्यापटपसमेत मर्मत गर्दा २० प्रतिशतमात्रै शुल्क लाग्ने कम्पनीले जनाएको छ । सफ्टवयरसम्बन्धी मर्मतसम्भारमा भने हरेक पटक ८० प्रतिशत छुट र २० प्रतिशत मात्रै पैंसा तिर्नुपर्ने कम्पनीको भनाइ छ ।

*-बाह्रखरी डटकम*

## १५ हजार रूपैयाँसम्ममा पाइने पाँच स्मार्टफोन

कम्पनीले भिन्न-भिन्न मूल्य रेन्जमा स्मार्टफोन सार्वजनिक र बिक्री गरिरहेको हुन्छ । ग्राहकहरूले आफ्नो आवश्यकता र बजेट अनुसारको नयाँ स्मार्टफोन खरिद गर्न सक्छन् । अहिलेको समयमा स्मार्टफोन अत्यावश्यक नै भइसकेको छ । धेरलाई महँगो मूल्यमा किनेका मोबाइल फोन मात्रै राम्रो हुन्छ भन्ने भ्रम हुन सक्रुछ । तर त्यस्तो होइन । कम मूल्यमा उपलब्ध मोबाइल पनि राम्रो र टिकाउ हुन सक्छ । स्मार्टफोन किन्दा त्यसको डिस्प्ले, पर्फमेन्स, स्टोरज, क्यामेरा गुणस्तर, ब्याट्री क्षमता लगायतका विशेषता कस्तो छ भन्ने बुझ्नुपर्छ । आज हामीले विशेषगरी दैनिक प्रयोजनका लागि उपयुक्त जम्मा



१५ हजार रूपैयाँसम्ममा पाइने पाँच स्मार्टफोनको सूची तयार पारेका छौं । यो सूची विभिन्न वेबसाइट र नेपाली व्यवसायीहरूको सुझावमा तयार पारिएको हो । १. रेड्मी १२सी रेड्मी १२ सीमा ५० मेगापिक्सेलको क्यामेरा दिइएको छ । यसकारण यो फोन मोबाइल फोटोग्राफीको लागि पनि उपयुक्त मानिन्छ ।

*-सेतोपाटी डटकम*

# देशभर ९२ प्रतिशत रोपाइँ सकियो



**पाल्पा,** साउन १४/देशभर ९२ प्रतिशत रोपाइँ सकिएको छ । धान रोपाइँ हुने कुल क्षेत्रफलमध्ये १३ साउनसम्म ९२ दशमलव ४ प्रतिशत रोपाइँ भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क उल्लेख छ । मन्त्रालयका अनुसार धान खेती हुने १३ लाख ९८ हजार २ सय ७३ हेक्टर क्षेत्रफलमध्ये १२ लाख ९२ हजार २ सय २१ हेक्टरमा रोपाइँ सकिएको हो ।

प्रदेश अनुसार लुम्बिनी प्रदेशमा ९१.३ प्रतिशत रोपाइँ भएको छ । जहाँ ३ लाख ११ हजार ६ सय ४३ मध्ये २ लाख ८४ हजार ४ सय ८५ हेक्टरमा रोपाइँ भएको हो । यस्तै गण्डकी प्रदेशमा ९१.९ प्रतिशत अर्थात् ९६ हजार ५३ हेक्टरमध्ये ८८ हजार २ सय ५२ हेक्टर रोपाइँ भएको छ । सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा ९९.६ प्रतिशत रोपाइँ भएको छ । यहाँ १ लाख ७४ हजार ७६ हेक्टर क्षेत्रफलमध्ये १ लाख ७३ हजार ७ सय ९९ हेक्टर रोपाइँ भएको हो । यस्तै कर्णाली प्रदेशमा ४१ हजार ९ सय ४ हेक्टरमध्ये ४० हजार ६ सय २३ अर्थात ९६.९ प्रतिशत रोपाइँ भएको छ । त्यसैगरी बागमती प्रदेशमा ९०.८ प्रतिशत अर्थात् १ लाख १२ हजार २ सय २३ हेक्टर धान खेती हुने क्षेत्रफलमध्ये १ लाख २ हजार हेक्टरमा रोपाइँ सकिएको कृषि मन्त्रालयले जनाएको छ । यस्तै कोसी प्रदेशमा २ लाख ७६ हजार ३ सय ८६ हेक्टरमध्ये ९०.७ प्रतिशत अर्थात् २ लाख ५० हजार ६ सय २४ हेक्टरमा रोपाइँ भएको छ । धान खेती हुने सबैभन्दा धेरै क्षेत्रलफल भएको मधेश प्रदेशमा ९२ प्रतिशत सकिएको छ । ३ लाख ८३ हजार १ सय ५० हेक्टर क्षेत्रफलमध्ये ३ लाख ५२ हजार ४ सय ४३ हेक्टरमा रोपाइँ भएको हो । गत वर्ष यही समयमा ७८ दशमलव १ प्रतिशत मात्र रोपाइँ भएको थियो । यसपालि समयमा मनसुन सुरु भई नियमित पानी परेका कारण समयमा रोपाइँ भएको हो ।

# आज अन्तर्राष्ट्रिय मित्रता दिवस मनाइँदै



**पाल्पा,** साउन १४/आज अन्तर्राष्ट्रिय मित्रता दिवस विश्वभरी मनाइँदै छ । संयुक्त राष्ट्र संघले ३० जुलाईलाई अन्तर्राष्ट्रिय मित्रता दिवसको रूपमा आधिकारिक मान्यता दिएपछि हरेक वर्ष यो दिवस मनाउने गरिएको हो ।

मित्र र मित्रताप्रति समर्पित हुने यो दिवस अमेरिकामा सन् १९३५ देखि मनाउन शुरु गरिएको हो तर अहिले आएर यो विश्वभरि नै मनाउने गरिन्छ । यो दिवसलाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय मित्रता दिवसको रुपमा मान्यता दिईसकेको छ । पछिल्लो केहि बर्ष यता नेपालमा पनि साथीभाईसँग भेटघाट तथा शुभकामना आदानप्रदान गर्दै यो दिवस मनाउने क्रम बढ्दै गएको छ । अहिलेको व्यस्त जीवनमा मानसिक तनाव र समस्याबाट छुटकारा पाउन मित्रतारुप औषधिले शान्ति प्रदान गर्दछ । यस कारण संसार मा सायदै यस्तो होला जसको कोहि मित्र नहोस् र कहिले मित्रता नगरेको होस् यो दिवसको प्रमुख उद्देश्य भनेको पनि साथीहरुसँग सम्बन्ध मजबुद बनाउनु र मानसिक तनावबाट छुटकारा पाउनु हो । मित्रता दिवस अर्थात् फ्रेन्डशिप डे हलमार्क कार्डसका संस्थापक जोयस हलले शुरू गरेका हुन् । उनले नै पहिलो पटक सन् १९३० को अगस्ट २ मा फ्रेन्डशिप डे मनाउने आइडिया निकालेका थिए, तर ग्रीटिङ कार्डस इन्डष्ट्रीले व्यापारिक फाइदाका लागि यो अवधारणा ल्याएको भनेर आलोचना पनि गरिएको थियो ।

वर्ल्ड फ्रेन्डशिप क्रुसेड नामक संस्थाले त्यही मितिमा फ्रेन्डशिप डे मनाउने प्रस्ताव गरेको थियो । वर्ल्ड फ्रेन्डशिप क्रुसेड एक विश्वव्यापी नागरिक संगठन हो र यसले मित्रताका माध्यमले संसारमा शान्तिको वकालत गर्ने गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०११ मा ३० जुलाईलाई फ्रेन्डशिप डेका रूपमा मनाइने घोषणा गरेको थियो । त्यसपछि फ्रेन्डशिप डेलाई आधिकारिक मान्यता दिइयो ।

# आज मानव...

...वैदेशिक रोजगारीका नाममा महिलालाई विभिन्न मुलुकमा तस्करी गर्ने संयन्त्र गाउँसम्मै फैलिएको छ । हिजो गाउँका सोझा, अशिक्षित र आर्थिक स्थिति कमजोर भएका महिलालाई झुक्याएर कोठीहरूमा लगेर बेचिन्थ्यो भने अहिले वैदेशिक रोजगारीका नाममा झुक्याएर मानव बेचबिखनको काम भइरहेको छ । दलालहरूले विभिन्न प्रलोभनमा पारेर कुवेत, ओमन, यूएई, कतार, साउदी अरेबिया जस्ता देशहरूमा घरेलु कामदारमा पठाइरहेका छन् । तस्कर, दलालहरू वैदेशिक रोजगारको आवरणमा खुल्लमखुला भारतको बाटोहुँदै खाडी मुलुकहरूमा बेचबिखन गर्ने काममा सक्रिय छन्, तर यसतर्फ कसैको पनि ध्यान जान सकेको छैन् । सरकारले यस कार्यलाई नियन्त्रण गर्नका लागि अनेकौ उपायहरूको अवलम्वन गरे पनि अपेक्षित रुपमा रोक्न सकिराखेको छैन । पछिल्लो समय महिला र बालबालिकाको एसिया, अरब, अफ्रिका, युरोप र अमेरिकाका अन्य विभिन्न मुलुकमा समेत बेचबिखन तथा ओसारपसार हुन थालेको छ । मानव बेचबिखनको आयाम फराकिलो बन्दै गएकाले यसको नियन्त्रण चुनौतीको विषय बन्दै गएको छ । मानव बेचबिखन नियन्त्रणका लागि समयसाक्षेप कानुनको संशोधन र निर्माण गर्न आवश्यक भएको यस क्षेत्रमा काम गर्दै आएका साझेदार संस्थाहरूको भनाइ छ ।

## खेलकुद समाचार

# श्रीलङ्काले जित्यो एशिया कपको उपाधि



**काठमाडौं,** साउन १४/भारतलाई हराउँदै आयोजक श्रीलङ्काले महिला एशिया कप टी-२० क्रिकेटको उपाधि जितेको छ । सोमबार भएको फाइनलमा श्रीलङ्काले भारतलाई ८ विकेटले हरायो ।

भारतले दिएको १ सय ६६ रनको लक्ष्य श्रीलङ्काले ८ बलअघि नै मात्र २ विकेट गुमाएर भेटायो । श्रीलङ्काकी हर्षिथा समराविक्रमाले नट आउट ६९, कप्तान चमारी अथपथ्थुले ६१ रन बनाइन् । भारतकी दिप्ती शर्माले १ विकेट लिइन् । यसअघि दम्बुलामा टस जितेर ब्याटिङ गरेको भारतले २० ओभरमा ६ विकेट गुमाएर १ सय ६५ रन बनायो । भारतकी स्मृति मन्धानाले ६०, रिचा घोषले ३०, जेमिमा रोड्रिगेजले २९ रन बनाइन् । श्रीलङ्काकी कविशा दिल्हारीले २ विकेट लिइन् । श्रीलङ्काले पहिलो पटक उपाधि जितेको हो । यसअघि सन् २००४, २००५-०६, २००६, २००८ र २०२२ मा फाइनलमा पुगेको श्रीलङ्का उपविजेतामै सीमित भएको थियो । भारतले भने सात पटक उपाधि जित्दा दुई पटक उपविजेता बनेको छ । सन् २००४, २००५-०६, २००६, २००८, २०१२, २०१६ र २०२२ मा उपाधि जितेको थियो ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से घट्यो, कारोबार रकम बढ्यो



**पाल्पा,** साउन १४/सेयर कारोबार मापक नेप्से परिसूचक कारोबारको दोस्रो दिन घटेको छ । अघिल्लो दिन आइतबार ११३ अंकले बढेको नेप्से सोमबार २० दशमलव ४६ अंकले घटेर बन्द भएको हो ।

घटेको नेप्से २ हजार ६ सय ६१ द्यशमलव ९ विन्दुमा सीमित भएको छ । आइतबार दुई पटक सर्किट ब्रेकरमार्फत ६० मिनेट बन्द भएर खुलेको सेयर बजारमा नेप्से परिसुचक १ सय १३ दशमलव ४२ अंकले बढेको थियो ।

अघिल्लो कारोबार तुलनामा नेप्से घटे पनि कारोबार रकम भने आइतबारको तुलनामा वृद्धि भएको छ । यसदिन ३ सय २५ स्क्रिप्सको ४ करोड ७७ लाख ९० हजार ८ सय ३७ कित्ता सेयर १९ अर्ब ६० करोड ९१ लाख ७७ हजार १ सय ६ रुपैयाँमा खरिदबिक्री भए। आइतबार १५ अर्ब ८१ करोडको सेयर कारोबार भएको थियो । २० दशमलव ४६ अंकले घटेको सेयर बजारमा कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएन । नेपाल फाइनान्सको सेयर सर्वाधिक ९.७७ प्रतिशतले बढ्यो । मन्दाकिनी हाइड्रोपावरको ८ दशमलव ५८,बराही हाइड्रोपावर पब्लिकको ८ दशमलव १६,जानकी फाइनान्सको ६ दशमलव ८० र गणपति लघुवित्त वित्तीय संस्थाको सेयर ६ दशमलव ५६ प्रतिशतले बढ्यो । आरम्भ चौतारी लघुवित्त वित्तीय संस्थाका लगानीकर्ताले भने गुमाए । सो कम्पनीको सेयर ८ दशमलव ३५ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा शिवम् सिमेन्ट शीर्षस्थानमा रह्यो । सो कम्पनीको ६१ करोड १२ लाख मूल्य बराबरको सेयर कारोबार भयो । कुमारी बैंकको ५५ करोड, नेपाल इन्भेष्टमेन्ट मेघा बैंकको ३९ करोड,प्रभु बैंकको ३८ करोड र नेपाल फाइनान्सको ३६ करोड मूल्य बराबरको सेयर कारोबार भयो । दुईवटा समूहको उपसूचकबाहेक अन्यको उपसूचक नकारात्मक देखिएका छन् । फाइनान्स र हाइड्रोपावर समूहको उपसूचकबाहेक अन्यको उपसूचक घटेको हो।यसदिन ट्रेडिङ समूहको उपसूचक सर्वाधिक ४.५४ प्रतिशतले घट्यो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्दा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई